## अनुसूची क

# अनुसन्धान र लेखन टोली

सामाजिक विकास तथा अनुसन्धान केन्द्रको यस अनुसन्धान टोलीमा संलग्न व्यक्तिहरु हुन्-

| | | |
|---|---|---|
| अनुसन्धान संयोजक | - | डा. प्रत्यूष वन्त |
| छापा अनुसन्धान टोली | - | शेखर पराजुली, प्रमोद भट्ट, भास्कर गौतम, देवराज हुमागाईं, |
| छापा अनुसन्धान सहायक | - | गणेश हुमागाईं, प्रभाकर गौतम, रामशरण हुमागाईं, नवराज हुमागाईं |
| रेडियो अनुसन्धान टोली | - | चङ्गमान विश्वकर्मा, कुमार यात्रु |
| अनुसन्धान परामर्शदाता | - | सी.के. लाल, मेरी डेशेन |
| *छापामा दलित*का सम्पादकहरु | - | प्रत्यूष वन्त, प्रमोद भट्ट, डा. विद्यानाथ कोइराला, खगेन्द्र संग्रौला, सी.के. लाल |
| *छापामा जनजाति*का सम्पादकहरु | - | प्रत्यूष वन्त, कुमार यात्रु, भास्कर गौतम |

**यस पुस्तकका लेखकहरुको छोटो परिचय**

प्रत्यूष वन्तले इतिहासमा विद्यावारिधि गर्नु भएको छ। राष्ट्रियता, मिडिया र क्षेत्रीय प्राज्ञिक अध्ययनबारे उहाँले अनुसन्धान गर्नु भएको छ। हाल उहाँ मार्टिन चौतारीको संयोजक र *द काठमाडौं पोष्ट*का स्तम्भ लेखक हुनुहुन्छ।

सी.के.लाल सिभिल इन्जिनियर हुनुहुन्छ। उहाँले शहरी योजनाशास्त्रमा एम.एस्सी. गर्नु भएको छ। हाल उहाँ *हिमाल* र *नेपाली टाइम्स*मा स्तम्भ लेखक हुनुहुन्छ।

शेखर पराजुली ले तथ्याङ्क शास्त्रमा एम.एस्सी. गर्नु भएको छ। नेपाली मिडियाबारे उहाँ थप अनुसन्धान गर्दै हुनुहुन्छ।

भास्कर गौतमले नेपाली किताब प्रकाशन व्यवसाय, नेपालको विकास क्षेत्रमा हुने गरेको चन्दादान र मिडियाबारे अनुसन्धान गर्नु भएको छ।

प्रमोद भट्टले समाजशास्त्रमा एम.ए. गर्नु भएको छ। शिक्षा र मिडिया क्षेत्रमा अनुसन्धान गरिसकेपछि उच्च शिक्षा हासिल गर्न हाल उहाँ जापानको हिरोसिमा विश्वविद्यालयका विद्यार्थी हुनुहुन्छ।

चक्रमान विश्वकर्मा लेखक, रेडियो कार्यक्रम उत्पादक र दलित सवालहरुमा सक्रिय कार्यकर्ता हुनुहुन्छ। रेडियो नेपालबाट प्रसारित *दलित जनजागरण कार्यक्रम*का संचालकका साथै हाल उहाँ दलित सेवा संघ र दलित गैरसरकारी संस्था महासंघसँग सम्बद्ध हुनुहुन्छ।

कुमार यात्रु पत्रकार हुनुहुन्छ। उहाँले जनजाति र मिडिया क्षेत्रमा अनुसन्धान गर्नु भएको छ। हाल उहाँ *रुपरेखा* साप्ताहिकको सम्पादक हुनुहुन्छ।

# अनुसूची ख

## सर्वेक्षण प्रश्नावली

सर्वेक्षण प्रश्नावली

सामाजिक विकास तथा अनुसन्धान केन्द्र
पोष्ट बक्स नं. १३४७०, काठमाडौँ, नेपाल
फोन नं. २४६०६५, फ्याक्स् नं. २४००५९

नेपालको मिडियाबारे तथ्याङ्क संग्रह

१. प्रकाशनको नामः                    दर्ता नं.:

२. प्रकाशन संस्था/प्रकाशकको नाम र ठेगानाः

३. काठमाडौँ वा__________ भित्रका संवाददाताहरुः

(क) __________ (ख) __________
(ग) __________ (घ) __________
(ङ) __________ (च) __________
(छ) __________ (ज) __________
(झ) __________ (ञ) __________
(ट) __________ (ठ) __________
(ड) __________ (ढ) __________
(ण) __________ (त) __________
(थ) __________ (द) __________
(ध) __________ (न) __________

४. काठमाडौँ वा__________ बाहिरका संवाददाताहरुः

(क) __________ (ख) __________
(ग) __________ (घ) __________
(ङ) __________ (च) __________
(छ) __________ (ज) __________
(झ) __________ (ञ) __________
(ट) __________ (ठ) __________

(ड) ______________________ (ढ) ______________________
(ण) ______________________ (त) ______________________
(थ) ______________________ (द) ______________________
(ध) ______________________ (न) ______________________

५. नियमित स्तम्भकारहरुः

(क) ______________________ (ख) ______________________
(ग) ______________________ (घ) ______________________
(ङ) ______________________ (च) ______________________
(छ) ______________________ (ज) ______________________
(झ) ______________________ (ञ) ______________________
(ट) ______________________ (ठ) ______________________

६. डेस्क सम्पादकहरु (घरमा सम्पर्क गर्न इच्छुक/अनिच्छुक):

(क) ______________________ फोन नं.______________________
(ख) ______________________ फोन नं.______________________
(ग) ______________________ फोन नं.______________________
(घ) ______________________ फोन नं.______________________
(ङ) ______________________ फोन नं.______________________
(च) ______________________ फोन नं.______________________

७. सम्पादकहरु (घरमा सम्पर्क गर्न इच्छुक/अनिच्छुक):

(क) समाचार सम्पादकः ______________ फोन नं. ...................................
(ख) फिचर सम्पादकः ______________ फोन नं. ...................................
(ग) कला सम्पादकः ______________ फोन नं. ...................................
(घ) फोटो सम्पादकः ______________ फोन नं. ...................................
(ङ) खेलकूद सम्पादकः ______________ फोन नं. ...................................
(च) सहायक/सह-सम्पादकः ______________ फोन नं. ...................................
(छ) कार्यकारी/व्यवस्थापकीय सम्पादकः ________ फोन नं. ...................................
(ज) अतिथि सम्पादकः ______________ फोन नं. ...................................
(झ) प्रमुख सम्पादकः ______________ फोन नं. .................................

८. सज्जा (लेआउट):

(क) ______________________ फोन नं. ..........................................

(ख) ______________________ फोन नं. ..........................................

(ग) ______________________ फोन नं. ..........................................

(घ) ______________________ फोन नं. ..........................................

(ङ) ______________________ फोन नं. ..........................................

९. व्यवस्थापन:

(क) वितरण प्रमुख: ____________ फोन नं. ..........................................

(ख) बजार प्रमुख: ______________फोन नं. ..........................................

(ग) निर्देशक: __________________फोन नं. ..........................................

(घ) प्रबन्ध निर्देशक: ____________फोन नं. ..........................................

(ङ) अध्यक्ष: ____________________फोन नं. ..........................................

१०. उत्साह बढाउने खाले कुनै प्रकारको प्राथमिकता सूची छ वा छैन?

११. भएमा के कस्तो प्राथमिकता रहेको छ?

(क) युवा ☐ (ख) महिला ☐

(ग) दलित ☐ (घ) जनजाति ☐

(ङ) धर्म: हिन्दू ☐ बौद्ध ☐ मुसलमान ☐ ईसाइ ☐ अन्य ☐

(च) अन्य ☐

१२. उत्साहवर्धक कार्यक्रमको प्रभाव अथवा अनुभव कस्तो रहेको छ?

१३. उत्साहवर्धक कार्यक्रमहरुप्रति व्यवस्थापनको धारणा कस्तो छ?

१४. हाम्रो सर्वेक्षणका बारेमा थप कुरा वा प्रतिक्रिया छ कि?

# अनुसूची ग

## विषयवस्तु अध्ययनमा परेका पत्रपत्रिकाहरु

दैनिक

| | | |
|---|---|---|
| १. | गोरखापत्र | – नियमित २०४७-२०४९, ०५६-०५७ कार्तिक |
| | | – द्वैमासिक स्याम्पलिङ : २०५०-०५५ |
| २. | कान्तिपुर | – २०४९-२०५६ |
| ३. | नेपाल समाचारपत्र (आजको समाचारपत्र) | – २०५३-२०५७ भाद्र |

साप्ताहिक

| | | |
|---|---|---|
| १. | जनादेश | - २०४९-२०५७ साउन |
| २. | जनमञ्च | - २०४७-२०५४ |
| ३. | हाँक | - २०५५-२०५६ |
| ४. | छलफल | - २०५४-२०५६ |
| ५. | प्रकाश | - २०५४-२०५६ |
| ६. | देशान्तर | - २०४७-२०५७ साउन |
| ७. | घटना र विचार | - २०५४-२०५६ |
| ८. | पुनर्जागरण | - २०५४-२०५६ |
| ९. | जन आस्था | - २०५१-२०५६ |
| १०. | जन धारणा | - २०५५-२०५६ |
| ११. | नयाँमोर्चा | - २०५५-२०५६ |
| १२. | जन एकता | - २०५४-२०५६ |
| १३. | समकालीन | - २०५५-२०५६ |
| १४. | विमर्श | - २०५४-२०५६ |
| १५. | दृष्टि | - २०५४-२०५६ |
| १६. | बुधवार | - २०५४-२०५६ |
| १७. | साप्ताहिक | - २०५५-२०५७ साउन |

म्यागेजिन

| | | |
|---|---|---|
| १. | हिमाल | - २०५३-२०५६ |
| २. | मूल्याङ्कन | - २०५१-२०५६ |
| ३. | एक्काइसौँ शताब्दी | - २०५३-२०५७ साउन |
| ४. | काठमाडौँ टुडे | - २०५३-२०५६ |
| ५. | एक्रस | - २०५४-२०५६ |

# अनुसूची घ
# दलित र मिडिया - पाठ्यक्रम प्रारुप

विविध जातीय संरचनायुक्त नेपाली समाजको समानुपातिक विकासका लागि सामाजिक सचेतता जगाउन मुख्य भूमिका खेल्ने संचार माध्यममा सबै समूहको उचित प्रतिनिधित्व हुनु जरुरी छ। संचार माध्यममा दलितहरुको प्रतिनिधित्व नगण्य रहेको सामाजिक विकास तथा अनुसन्धान केन्द्रको अनुसन्धानले प्रस्ट्याएको छ। दलित संचारकर्मीको संख्या बृद्धि गर्न तथा जल्दाबल्दा 'दलित मुद्दा'हरुलाई संचार माध्यममा उचित स्थान दिन गर्नुपर्ने प्रयासहरु एवं त्यस्ता प्रयास कार्यान्वयन गर्न सक्ने निकायहरुबारे 'निष्कर्ष र सुझाव' अध्यायमा चर्चा भइसकेको छ। यहाँ पत्रकार प्रशिक्षण गर्ने या दलित आन्दोलनलाई अघि बढाउन चाहने संस्थाहरुलाई उपयोगी हुन सक्ने विषयवस्तुमा केन्द्रित पाठ्यक्रमको प्रारुप प्रश्नावलीका रुपमा तयार गरिएको छ। यो पाठ्यक्रम बनाउँदा *छापामा दलित* भन्ने पुस्तकलाई आधार मानिएको छ।

१. दलितः परिभाषा र परिचय (*छापामा दलित* अध्याय १, २)
- दलितहरु को हुन्?
- छुवाछूत प्रथा भनेको के हो? अछूत को हुन्?
- दलितहरु किन दलित भए?
- जातीय भेदभाव र हिन्दू धर्मबीच के सम्बन्ध छ?
- के दलितहरुबीच पनि छुवाछूत छ?
- नेपालमा दलित समस्या कस्तो छ?

२. दलितहरुको जीवन (*छापामा दलित* अध्याय ३, ४, ५, ८)
- दलितहरु प्रायःको आर्थिक स्तर कस्तो छ?
- दलित जाति र गरीबीबीच के सम्बन्ध छ?
- दलितको रोजगारीको अवस्था कस्तो छ?
- दलितको शैक्षिक स्थिति के छ?
- दलितलाई शिक्षा आर्जनमा के कठिनाइ छ?
- दलित महिलाको समग्र अवस्था कस्तो छ?
- दलित महिलाहरु दोहोरो उत्पीडन खप्छन् भनेर किन भनिन्छ?
- अन्तरजातीय विवाह गर्ने दलित महिला तथा पुरुषहरुले के दुःख पाएका छन्?

- नेपाली कानूनले पहिले जातीय व्यवस्थालाई कसरी थेगेको थियो? अहिलेको नेपाली कानूनमा छुवाछूत मान्य छ वा छैन?

३. नेपाली समाज र दलित (*छापामा दलित* अध्याय ६, ७, ८, ९)

- छुवाछूत गरी जातीय अपमान गरिएका दलितका लागि कस्तो कानूनी बाटो उपलब्ध छ?
- नेपाली मिडियामा दलित सहभागिता कस्तो छ?
- पत्रपत्रिका, रेडियो, टेलिभिजनमा दलितका समाचार कसरी लेखिन्छन्/सुनाइन्छन्/देखाइन्छन्?
- नेपाली साहित्यमा दलितबारे के लेखिएको छ?
- नागरिक समाजका व्यावसायिक संघ-संस्थाहरुमा दलित सहभागिता कस्तो छ? कम छ भने किन?
- नेपाली राजनीतिक पार्टीहरुमा दलित सहभागिता कस्तो छ?

४. दलित उत्थानका बाटाहरु र प्रयासहरु (*छापामा दलित* अध्याय १०, ११)

- दलितहरुको अवस्थामा सुधार ल्याउन गर्नुपर्ने कामहरु के-के हुन्?
- दलितहरु छुवाछूत विरुद्ध कसरी संगठित भइराखेका छन्? दलित एकता भनेको के हो?
- के धर्म परिवर्तन गरेर दलित उत्थान हुन्छ?
- दलितहरुले नेपाली समाजमा आफ्नो स्थान उकास्न के-के गरिराखेका छन्? गैर दलितहरुले के गरिरहेका छन्?
- सरकारले दलित उत्थानका लागि के गर्दैछ? सबभन्दा पछिल्लो योजनामा दलित उत्थानका लागि सरकारले के नीति तथा कार्यक्रम लागू गरेको छ?
- के दलितहरुको उत्थान राजनीतिक दलहरु मार्फत सम्भव छ?
- दलित मुक्तिका लागि जनवादी क्रान्तिकारी बाटो भनेको के हो?
- वर्गीय मुक्ति नभई दलितहरुको जातीय मुक्ति सम्भव छैन भनेको के हो?
- दलितहरुको अवस्था उकास्न गैर सरकारी संस्थाहरुले के गरिराखेका छन्? के गर्न सक्छन्?
- दलित उत्थानका लागि आरक्षण भनेको के हो? आरक्षण किन आवश्यक छ? र यो कसरी लागू गर्नुपर्दछ?

## अनुसूची ङ

## जनजाति र मिडिया-पाठ्यक्रम प्रारुप

विविध जातीय संरचनायुक्त नेपाली समाजको समानुपातिक विकासका लागि सामाजिक सचेतता जगाउन मुख्य भूमिका खेल्ने संचार माध्यममा सबै समूहको उचित प्रतिनिधित्व हुनु जरुरी छ। संचार माध्यममा जनजातिहरुको प्रतिनिधित्व अत्यन्त न्यून रहेको सामाजिक विकास तथा अनुसन्धान केन्द्रको अनुसन्धानले प्रस्ट्याएको छ। जनजाति संचारकर्मीको संख्या बृद्धि गर्न तथा जल्दाबल्दा 'जनजाति मुद्दा'हरुलाई संचार माध्यममा उचित स्थान दिन गर्नुपर्ने प्रयासहरु एवं त्यस्ता प्रयास कार्यान्वयन गर्न सक्ने निकायहरुबारे 'निष्कर्ष र सुझाव' अध्यायमा चर्चा भइसकेको छ। यहाँ पत्रकार प्रशिक्षण गर्ने या जनजाति आन्दोलनलाई अघि बढाउन चाहने संस्थाहरुलाई उपयोगी हुन सक्ने विषयवस्तुमा केन्द्रित पाठ्यक्रमको प्रारुप प्रश्नावलीका रुपमा तयार गरिएको छ। यो पाठ्यक्रम बनाउँदा *छापामा जनजाति* भन्ने पुस्तकलाई आधार मानिएको छ।

१. जनजातिः परिभाषा र परिचय(*छापामा जनजाति* अध्याय १, २, ३, ४, ५, ७, १३)
- जनजाति को हुन्?
- आदिवासी र जनजातिबीच के सम्वन्ध छ?
- जनजातिहरुको समाजिक संरचना कस्तो छ?
- जनजातिभित्रका विभिन्न जात-जातिहरुको अवस्था र स्थिति कस्तो छ?
- जनजाति हिन्दू होइनन् भने के हुन् त?
- जनजातिहरुको शैक्षिक स्थिति कस्तो छ? उनीहरुलाई शिक्षा आर्जनमा केकस्ता कठिनाइ छन्?
- के मातृभाषामा शिक्षा दिइनु आवश्यक छ?
- जनजातिहरुको आर्थिक स्थिति कस्तो छ?
- पुर्ख्यौली पेसासँग कसरी जनजातिहरुको अवस्था गाँसिएको छ? यसमा आधुनिकताले कस्तो परिवर्तन ल्याएको छ?
- जनजाति महिलाको अवस्था कस्तो छ?
- संयुक्त राष्ट्र संघद्वारा प्रस्तावित आदिवासी अधिकारसम्बन्धी मस्यौदा घोषणा-पत्रमा के छ?
- अन्तर्राष्ट्रिय आदिवासी अधिकार र अवधारणालाई नेपाली सन्दर्भमा कसरी हेर्नु पर्दछ?

२. जनजाति किन पछाडि परे?(*छापामा जनजाति* अध्याय ५, ६, ७, ८, ९, १०, ११)

- बाहुनवाद भनेको के हो? के जनजातिहरु बाहुनवादको मारमा परेकै हुन् त?
- के नेपालको वर्तमान संविधानले नै जनजातिलाई भेदभाव गरेको छ?
- हिन्दू धर्मले जनजातिका संस्कृति, संस्कार र जनजीवनमा कस्तो प्रभाव पारेको छ?
- नेपाली भाषाले जनजातिको सामाजिक विकासमा के असर पुऱ्याएको छ?
- नेपाली संचार माध्यममा जनजातिहरुको सहभागिता कस्तो छ?
- नेपाली छापा, रेडियो र टेलिभिजनमा जनजातिका समाचार कसरी लेखिन्छन्/सुनाइन्छन्/देखाइन्छन्?
- आवधिक योजनाका विकास कार्यक्रममा जनजातिहरुलाई लक्षित गरिएका कार्यक्रमहरु परेका छन्?
- राजनीतिक पार्टीहरुले जनजाति उत्थानका बारेमा सोच बनाएका छन् त?
- राष्ट्रिय राजनीतिक पार्टीहरुको केन्द्रीय स्तरमा जनजातिको प्रतिनिधित्व कस्तो छ? स्थानीय स्तरमा कस्तो प्रतिनिधित्व छ?
- समानुपातिक प्रतिनिधित्व भनेको के हो? यसले के के सुधार ल्याउन सक्छ?

३. जनजाति आन्दोलनले उठाएका मुद्दाहरु (*छापामा जनजाति* अध्याय ६, ७, ८, ९, १०, ११, १२)

- के जनजाति उत्थानका लागि वर्तमान संविधान संशोधन आवश्यक छ? यदि छ भने कुन कुन कुराहरु परिवर्तन गर्न जरुरी छ?
- के नेपाल हिन्दू राज्य हुनाले जनजातिहरु पीडित छन्? किन दशैं» बहिष्कारको कुरा उठेको छ?
- नेपाललाई धर्मनिरपेक्ष राज्य भनेर घोषणा गऱ्यो भने जनजातिहरुलाई के फाइदा हुन्छ?
- भाषिक समानता के हो र किन आवश्यक छ?
- राज्यले संस्कृत भाषाको जगेर्नामा प्राथमिकताकासाथ लगानी गर्नु आवश्यक छ कि छैन? अनि राष्ट्रिय भाषाहरुको उत्थानमा राज्यले के के गर्नु पर्छ?
- के राष्ट्रिय भाषाहरुलाई स्थानीय स्तरमा सरकारी कामकाजी भाषा बनाउन सकिन्छ? यसका लागि केके कानूनी बाधाहरु छन्? यी बाधाहरु हटाउने उपाय के छ?
- मातृभाषामा शिक्षा किन आवश्यक छ? यसका कार्यान्वयनमा केकस्ता समस्याहरु छन्?
- आत्मनिर्णयको अधिकार भनेको के हो? संघात्मक सरकार र स्थानीय स्वायत्तताको नीतिले जनजाति उत्थानमा के महत्त्व राखेको हुन्छ?
- जनजातिलाई आरक्षण भनेको के हो? यो किन आवश्यक छ?

- के जातीय मुक्तिका लागि वर्गीय मुक्ति आवश्यक छ?
- नेपाली महिला आन्दोलनले जनजाति महिलालाइ" कुन स्थान दिएको छ?
- नेपालको मिडियाले जनजातिका आन्दोलनले उठाएको मुद्दालाई राम्ररी प्रस्तुत गर्न सकेको छैन भनिन्छ। के यो भनाइ ठीक हो?
- नेपालको जनगणनाको तथ्याङ्कबारे जनजातिका विज्ञहरुको के धारणा छ?
- जनजाति आन्दोलनमा उठेका सवालप्रति राजनैतिक पार्टीहरुको कस्तो दृष्टिकोण रहेको छ?

४. जनजाति उत्थानका बाटाहरु र प्रयासहरु

(*छापामा जनजाति* अध्याय ९, १०, ११, १२, १४, १५)

- जनजातिहरुको उत्थान गर्न के-के गर्न सकिन्छ?
- जातीय मुक्तिका लागि अहिलेसम्म भएका प्रयासहरु के के हुन्?
- के जनजातिहरु संगठित हुन जरुरी छ? एकताले जनजातिको आन्दोलनलाई कस्तो सहयोग पुऱ्याउँदछ?
- जनजाति उत्थानमा राष्ट्रिय भाषाहरुमा कार्यक्रम र समाचार-प्रसारण, पत्रिका, प्रकाशन र टेलि चलचित्र, वृत्तचित्र निर्माण आदिले के प्रभाव पारेको छ?
- वर्गसंघर्ष आवश्यक देख्नेहरुले जातीय मुक्तिलाई कुन रुपमा हेरेका छन्?
- नवौं योजनाले जनजातिको उत्थानका लागि के कस्ता नीति र कार्यक्रमहरु तर्जुमा गरेको छ?
- विभिन्न राजनैतिक दलहरुले जनजातिका समस्यालाई समाधान गर्न कस्ता नीति र कार्यक्रमहरु लिएका छन्?
- जनजातिका आफ्नै गैर सरकारी संस्थाहरुले आफ्नो समुदायको उत्थान र विकासका लागि के गर्दैछन्? अरु गैर सरकारी संस्थाहरुले के गर्दैछन्?
- आरक्षणले कसरी पिछडिएका जनजाति समुदायलाई राष्ट्रिय मूलप्रवाहमा ल्याउन सकिन्छ?

•